जि.प्र.का.झापा द.नं.६९। ०५७/०५८ सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता राष्ट्रिय दैनिक

पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - २४९ ❑ २०८३ असोज १२ गते सोमबार ❑ Monday, 28 Sept. 2026 ❑ मूल्य ७ /-

भगवान शिवको 'एक्सपेरिमेन्ट' (३)

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।

दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४०९

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

हम्सेदुम्से बन्दैछ, दमकको नयाँ पर्यटकीय गन्तव्य

करिब ५० बिघामा बन्ने बहुउद्देश्यीय पार्कको डिपिआर तयार हुँदै

✍ खगेन्द्र कार्की

दमक / तीव्र रूपमा विस्तार हुँदै गएको सहर दमकलाई पूर्वी नेपालको व्यापारिक केन्द्रसँगै पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने प्रयास अघि बढेको छ । दमकमा घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि पर्याप्त आकर्षणको अभाव रहेको गुनासो भइरहेका बेला नगरपालिकाले दमक बहुउद्देश्यीय पार्क निर्माणको प्रक्रिया अघि बढाएको हो ।

नगरप्रमुख रामकुमार थापाका अनुसार पार्कको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने काम अघि बढिसकेको छ । नगरपालिकाले आ.व. २०८२/८३ मा बहुउद्देश्यीय पार्कको डीपीआर तयारीका लागि परामर्श सेवा आह्वानसमेत गरेको सार्वजनिक खरिद अभिलेखमा देखिन्छ ।

प्रस्तावित पार्क निर्माणकालागि दमक-२ स्थित हम्सेदुम्से सामुदायिक वन क्षेत्रमा करिब ५० विघा जग्गा भोगाधिकारका लागि माथिल्लो निकायमा पत्राचार गर्ने तयारी गरिएको नगरप्रमुख राम कुमार थापाले बताए । यससँगै राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नुपर्ने भएकाले सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन, डीपीआर, क्षेत्रफल तथा हटाउनुपर्ने रूख-विरूवाको विवरणलगायत आवश्यक प्रक्रिया पूरा गर्नुपर्ने देखिन्छ ।

प्रस्तावित पार्क सामान्य मनोरञ्जन स्थलमा सीमित नराखी प्रकृति, संस्कृति, बाँकी ४ पेजमा ▸▸

पर्यटक गन्तब्य बन्ने अपेक्षा

केही वर्ष अगाडि दमकमा पुस्तक बेच्दै आएका महाविर पुनले समेत दमकमा घुम्ने ठाउँको अभाव भएको औंल्याएका थिए । उनले पर्यटक आइसकेपछि अड्याउने आधार दमकले खोज्नुपर्ने पनि बताएका थिए । पुनको त्यो भनाईयता दमक पर्यटन क्षेत्रको विकासमा दबाबमा समेत परेको थियो । दमकमा पर्यटक भित्र्याउन पूर्वाधारसँगै सूचना, यातायात, सुरक्षा, सरसफाइ र आतिथ्य सेवा सुधार गर्नुपर्ने देखिन्छ । नगरपालिकाको पुरानो योजनाले पनि होटललाई पर्यटनमैत्री बनाउन सेवा तथा आतिथ्यसम्बन्धी तालिमको आवश्यकता औंल्याएको छ ।

यसका साथै राजमार्गमा पर्यटक सूचना तथा स्वागत केन्द्र, डिजिटल पर्यटन नक्सा, साइकल तथा पैदलमार्ग, सार्वजनिक शौचालय, व्यवस्थित पार्किङ र रात्रीकालीन प्रकाश व्यवस्था विकास गर्न सकिन्छ । पार्कभित्रै स्थानीय उत्पादन बिक्री केन्द्र र सूचना केन्द्र राख्न सके पर्यटकलाई दमकका अन्य गन्तव्यतर्फ पठाउन पनि सहज हुनेछ ।

अझ महत्वपूर्ण कुरा, पार्क निर्माण गर्दा वन र जैविक विविधताको संरक्षणलाई केन्द्रमा राख्नुपर्ने हुन्छ । कंक्रिट संरचना विस्तार गर्नेभन्दा प्राकृतिक भू-दृश्य जोगाउँदै न्यूनतम वातावरणीय हस्तक्षेप हुने गरी डिजाइन गर्नु आवश्यक छ । सामुदायिक बाँकी ४ पेजमा ▸▸

छुटे पूर्वप्रधान न्यायाधीश जबरा

दमक/ पूर्वप्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा प्रहरीको नियन्त्रणबाट छुटेका छन् । शनिवार रातीदेखि प्रहरीको नियन्त्रणमा रहेका जबरा आइतबार दिउँसो टेकुस्थित उपत्यका अपराध अनुसन्धान कार्यालयबाट रिहा भएका हुन् ।

प्रहरीले उनलाई पक्राउ नगरेर सुरक्षाको लागि आफ्नो कार्यालयमा ल्याएको दावी गरेको छ । उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनलाई गएराति महाराजगञ्जस्थित घरबाट नियन्त्रणमा लिएको थियो ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सन्तोष खड्काले जबरालाई कार्यालयबाट सुरक्षित स्थानमा लगेर छाडेका हुन् । उपत्यका अपराध अनुसन्धान कार्यालयका एकजना अधिकृतले भने, 'उहाँ यहाँबाट जानुभएको छ, सुरक्षित स्थानमा पठाइएको छ ।'

मनाङमा हिमपहिरो, १० जना सम्पर्कविहीन

दमक/ मनाङको नारफूस्थित हिमलुङ हिमालमा हिमपहिरो जाँदा १० जना बेपत्ता भएका छन् ।

मनाङका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद पौडेलका अनुसार, आइतबार बिहान हिमपहिरो गएको हो ।

'हिमपहिरोमा परेर १० जना बेपत्ता भएको सूचना आएको छ,' उनले अनलाइनखबरसँग भने, 'हराएका भनिएकाहरु सबै नेपाली भन्ने विवरण आएको छ । एकिन भइसकेको छैन। हेलिकप्टर पनि गएको छ । एकपटक उद्धारकर्तालाई हिमपहिरो गएको भनिएको ठाउँमा छोडेर आयो । अर्को हेलि फेरि पनि जाँदैछ ।' उनीहरु अल्पाइन ट्रेक एण्ड ट्राभल्सबाट गएको जिल्ला प्रशासन कार्यालय मनाङले जनाएको छ ।

अग्निपीडितलाई एमालेको सहयोग

ताप्लेजुङ/ ताप्लेजुङको मेरिङ्देन गाउँपालिका (३ खाम्लुङस्थित दोभान बजारका अग्निपीडित १७ परिवारलाई नेकपा (एमाले) ले चार लाख २१ हजार ११० रूपियाँ आर्थिक सहयोग गरेको छ । आगलागीबाट प्रभावित परिवारलाई एमाले जिल्ला कमिटी ताप्लेजुङ र मेरिङ्देन गाउँपालिका कमिटीले संयुक्त रूपमा राहतस्वरूप उक्त रकम उपलब्ध गराएको हो ।

एमाले जिल्ला कमिटीका तर्फबाट एक लाख ६० हजार र मेरिङ्देन गाउँपालिका कमिटीका तर्फबाट दुई लाख ६१ हजार ११० रूपियाँ वितरण गरिएको जिल्ला कमिटीका कार्यवाहक अध्यक्ष दिपेन्द्र पोमू (दिपेन) ले बाँकी ४ पेजमा ▸▸

बाढी-पहिरोमा १२ को मृत्यु, सात बेपत्ता

दमक/ लगातारको अविरल वर्षासँगै आएको बाढी र पहिरोमा परी देशभर १२ जनाको मृत्यु भएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा मात्रै ६ जनाको मृत्यु भएको हो । असोज ८ गतेदेखि हालसम्म मृत्यु हुनेको संख्या १२ पुगेको प्राधिकरणकी प्रवक्ता शान्ति महतले जानकारी दिइन् ।

प्राधिकरणका अनुसार बाढी, पहिरो र वर्षाका कारण सात जना सम्पर्कविहीन छन् । पाल्पामा एक तथा पछिल्लो २४ घण्टामा बागलुङमा चार र म्याग्दीमा दुई जना बेपत्ता भएका हुन् । उनीहरूको खोजी तथा उद्धार कार्य जारी रहेको महतले बताइन् ।

बाढी तथा पहिरोको जोखिमलाई ध्यानमा राखी प्रभावित तथा जोखिमयुक्त क्षेत्रमा उद्धार टोली परिचालन गरिएको प्राधिकरणले जनाएको छ । मौसम पूर्वानुमान महाशाखाले गरेको पूर्वानुमानका आधारमा रेड, एम्बर र येलो अलर्ट भएका क्षेत्र पहिचान गरी स्थानीय प्रशासन, सुरक्षा निकाय तथा स्थानीय तहलाई पूर्वतयारी अवस्थामा राखिएको छ ।

गण्डकी र लुम्बिनी प्रदेशका केही क्षेत्रलाई बाँकी ४ पेजमा ▸▸

विद्युत् पूर्वाधारमा क्षति

दमक/ चार दिनदेखि आएको अविरल वर्षाका कारण देशका विभिन्न भागमा ठूलो क्षति भएको छ । बाढी पहिरोका कारण विद्युत् उत्पादन र प्रसारण लाइनमा ठूलो क्षति भएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

प्राप्त विवरणअनुसार पोखरा, बुटवल, हेटौंडा र काठमाडौं क्षेत्रमा बाढी, लाइन फाल्ट तथा उपकरण-लाइनको ओभरलोडका कारण ठूलो परिमाणमा विद्युत् आपूर्ति प्रभावित भएको छ ।

वर्षा तथा बाढीको कारण पोखरा क्षेत्रमा सबैभन्दा बढी प्रभाव परेको छ । कुस्मा-न्यू बुटवल २२० केभी लाइनमा फाल्टका कारण करिब २०० मेगावाट उत्पादन प्रभावित भएको छ ।

रौघाङ लाइन १ र २ मा करिब १५५ मेगावाट उत्पादन प्रभावित भएको जनाइएको छ । त्यस्तै, कालीगण्डकी, अपर मादी, सुपर मादी, सिक्लेस-नामर्जुङ, सेती नदी-करूवासेट, अपर दोर्दी, मोदी लगायतका आयोजनाहरूमा बाढीका कारण उत्पादन-आपूर्ति अवरूद्ध भएको छ ।

पोखरा क्षेत्रका विभिन्न आयोजनाबाट मात्र करिब ४ सय मेगावाट भन्दा बढी क्षमताका आयोजना प्रभावित भएको मन्त्रालयको विवरणमा उल्लेख छ ।

न्यू बुटवल-कुस्मा २२० केभी लाइनको फाल्टपछि करिब ११० मेगावाट प्रभावित भएको छ । बाँकी ४ पेजमा ▸▸

एकाध बाहेकका ठाउँमा मौसम खुल्यो

दमक/ गएको बिहीवारदेखि देशभर सक्रिय रहेको न्यून चापीय मौसमी प्रणाली कमजोर बनेको छ । लगातारको वर्षाका कारण जनजीवन प्रभावित भए पनि अविरल ठूलो वर्षाको सम्भावना भने टर्दै गएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

अहिले देशका एक/दुई ठाउँ बाहेक सबैतिर वर्षा रोकिएको छ । धेरै ठाउँमा घाम लाग्न थालेको छ । यद्यपि आज रातिसम्म केही ठाउँमा मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना भने कायमै छ ।

सोमबारदेखि मौसममा उल्लेख्य सुधार आई घाम लाग्ने मौसमविद्को पूर्वानुमान छ ।

वर्षा रोकिए पनि गएराति र आइतबार बिहान परेको पानीका कारण देशका प्रमुख बाँकी ४ पेजमा ▸▸

नेपाल-भारत सीमा सुरक्षा सुदृढ बनाइने

दमक/ नेपाल-भारत सीमा सुरक्षा सुदृढ बनाइने भएको छ । नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा व्यवस्था थप सुदृढ बनाउन र सीमापार अपराध नियन्त्रण गर्ने उद्देश्यले सशस्त्र प्रहरी बल (एपीएफ) र भारतको सशस्त्र सीमा बल (एसएसबी) का अधिकारीहरूबिच जोगबनीस्थित सीमा नियन्त्रण चौकी (बीसीपी) मा समन्वय बैठक बसेको छ ।

५६औं वाहिनी सशस्त्र सीमा बल बथनाहाको कार्यक्षेत्रअन्तर्गत एफ समवाय जोगबनीको बीसीपी गेटमा आयोजित उक्त बैठक ५६औं वाहिनीका द्वितीय कमान अधिकारी नितिन कुमार गुप्ताको अध्यक्षतामा बसेको थियो । बैठकमा नेपाली पक्षको नेतृत्व सशस्त्र प्रहरी बल मोरङका प्रमुख (एसपी) गेहेन्द्र कुमार भण्डारीले गरेका थिए । नेपाली टोलीमा बाँकी ४ पेजमा ▸▸

जेनजी आन्दोलनयता बने ११ ऐन

दमक/ जेनजी आन्दोलनयता संघीय संसद्ले विभिन्न ११ वटा ऐन बनाएको छ । गत वर्ष भदौ २३ र २४ मा जेनजी आन्दोलन भएको थियो । आन्दोलनपछि तत्कालीन सरकार ढल्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सोही वर्ष २७ भदौमा अन्तरिम सरकार बन्यो ।

अन्तरिम सरकारले २१ फागुन २०८२ मा प्रतिनिधिसभाको निर्वाचन केन्द्रित रहेर मतदाता नामावली (पहिलो संशोधन) र प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश ल्यायो ।

दुवै अध्यादेश प्रतिस्थापन गर्ने विधेयक निर्वाचनपछिको संघीय संसद्बाट पारित भएर ऐनमा रूपान्तरित भएका छन् ।

थप ९ वटा विधेयक पनि संघीय संसद्बाट पारित भएर ऐनमा रूपान्तरित भएका छन् । यसमा चालु आर्थिक वर्षको विनियोजन विधेयक र यससँग आश्रित विधेयक पनि समावेश छ ।

गत भदौ ३१ गते राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल विशेष सेवा ऐन, २०४२ को साविकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक प्रमाणीकरण गरे । त्यसअघि असार बाँकी ४ पेजमा ▸▸

गाँजासहित स्कार्पियो नियन्त्रणमा

पथरी/ मोरङ प्रहरीले विराटनगरबाट ३९८ किलो लागुऔषध गाँजासहित एक स्कार्पियो नियन्त्रणमा लिएको छ । विराटनगर महानगरपालिका-३ आयल निगमस्थित सडकमा शनिबार राति प्रहरीले आकस्मिक चेकजाँच गर्ने क्रममा गाँजासहितको स्कार्पियो नियन्त्रणमा लिएको हो । जिल्ला प्रहरी कार्यालय मोरङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रका अनुसार इटहरीबाट विराटनगरतर्फ आउँदै गरेको को १ च ७३९९ नम्बरको स्कार्पियोले प्रहरीको चेकिङ टोली देखेपछि युटर्न गरी भाग्ने क्रममा सोही दिशाबाट आउँदै गरेको बागमती प्रदेश ०१-०३० च ४८२२ नम्बरको कारलाई ठक्कर दिएको थियो । दुर्घटनापछि प्रहरीले स्कार्पियो जाँच गर्दा गाडीभित्र लुकाइछिपाई राखिएको १३ पोकामा ३९८ किलो गाँजा बरामद गरेको हो । स्कार्पियो चालक भने फरार रहेको मिश्रले जानकारी दिए ।

ढाका बुनाइले फेरिंदैछ तेह्रथुमका महिलाको जीवनस्तर

तेह्रथुम/ लालीगुराँस नगरपालिकाका धेरै महिला अहिले घरमै तान राखेर ढाका बुन्न थालेका छन् । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत सञ्चालन भएका सिपमूलक तालिमले उनीहरूलाई घरधन्दाबाट उद्यमतर्फ जोड्न थालेको हो ।

लालीगुराँस नगरपालिका-७ की पुष्पाञ्जली केप्छाकी मगर बिहानको घरायसी काम सकेर तानमा बस्छिन् । केही समयअघिसम्म घरायसी काममै बित्ने गरेको उनको दैनिकी अहिले तानसँगै फेरिएको छ । ढाका बुन्ने सिप सिकेपछि उनले घरमै बसेर आम्दानीसमेत गर्न थालेकी छन् । बेरोजगार बसेर अरूको भर पर्नुभन्दा आफ्नै सिपले केही कमाउन पाउँदा आत्मविश्वास बाँकी ४ पेजमा ▸▸

पर्यटन प्रवर्द्धन गरौं

- नेपालको प्राकृतिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण गरौं,
- कला, संस्कृति, भेषभुषा, भाषा, परम्पराको संरक्षण एवं प्रवर्द्धन गरौं,
- स्थानीय उत्पादन, हस्तकला तथा मौलिक खानाको प्रवर्द्धन गरौं,
- पर्यटकीय क्षेत्रको स्वच्छता र सौन्दर्यता कायम राखौं,
- पर्यटकप्रति सभ्य, सहयोगी र आतिथ्यपूर्ण व्यवहार गरौं,
- पर्यटन प्रवर्द्धन गरी स्थानीय समुदायको आर्थिक समृद्धिमा योगदान पुर्‍याऔं,
- सुरक्षित र दिगो पर्यटन क्षेत्रको विकासमार्फत आर्थिक समृद्धिका लागि जिम्मेवार बनौं ।

पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

कांग्रेसमा मेलमिलापको खाँचो

नेपालको लोकतान्त्रिक आन्दोलनलाई यहाँसम्म पुऱ्याउन अग्रणी भूमिका खेल्ने नेपाली कांग्रेस वर्तमान समयमा आफ्नो राजनीतिक इतिहासकै सबैभन्दा संवेदनशील र गम्भीर मोडमा उभिएको छ । दशकौं लामो इतिहास बोकेको, बीपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई जस्ता त्यागी तथा निष्ठावान् नेताहरुको मार्गदर्शनमा हुर्किएको यो पार्टी पछिल्ला वर्षहरुमा आएर वैचारिक रुपले स्खलित हुँदै गएको छ ।

सैद्धान्तिक निष्ठा र जनताको पक्षमा उभिनुपर्ने कांग्रेस क्रमिक रुपमा सत्ताकेन्द्रित र अवसरवादी राजनीतिमा फस्दै गयो, जसको परिणामस्वरुप आज पार्टीभित्र गहिरो क्षतविक्षतको अवस्था सिर्जना भएको छ । गिरिजाप्रसाद कोइरालाको कालखण्डदेखि नै सुरू भएको सत्ताको अंकगणित र भागबन्डाको राजनीति शेरबहादुर देउवाको नेतृत्वसम्म आइपुग्दा अझ बढी झाँगियो र यसले पार्टीलाई वैचारिक बाटोबाट पूर्ण रुपमा विचलित गरायो ।

सत्ता र शक्तिको आशक्तिमा लिप्त हुँदै विपरीत वैचारिक धार बोकेका शक्तिहरुसँग समेत अनपेक्षित सहकार्य गर्ने, अनियमिततालाई बढावा दिने र राज्यका स्रोतसाधनको दोहन गर्ने प्रवृत्तिले कांग्रेसलाई आम जनताको नजरबाट क्रमशः टाढा पुऱ्यायो। पछिल्ला निर्वाचनहरुमा देखिएको जनअसन्तुष्टि र बदलिँदो पुस्ताको राजनीतिक आकांक्षालाई समयमै सम्बोधन गर्न नसक्दा यसले ठूलै मूल्य चुकाउनु परेको छ ।

जेनजी पुस्ताको उदय र उनीहरुमा रहेको परिवर्तनको तिर्सनालाई बेवास्ता गर्दा आज पार्टीभित्र गम्भीर वैचारिक र सांगठनिक संकट गहिरिएको छ । यही संकटको पराकाष्ठास्वरुप अहिले पार्टीभित्र दुईवटा समानान्तर महाधिवेशनको अनपेक्षित र विडम्बनापूर्ण स्थिति पैदा भएको छ । एकातर्फ गगन थापा पक्षीय समूहले विशेष महाधिवेशनतर्फको प्रक्रिया अगाडि बढाएको छ भने अर्कातर्फ शेरबहादुर देउवा पक्षले आगामी मंसीर महिनामा १५औं केन्द्रीय महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ ।

एउटै पार्टीभित्र देखिएको यो समानान्तर अभ्यासले कुनै सैद्धान्तिक वा नीतिगत भिन्नताभन्दा पनि आगामी दिनमा पार्टीपंक्ति र राज्यसत्तामाथि एकलौटी पकड जमाउने संकुचित स्वार्थ र व्यक्तिगत महत्वाकांक्षालाई नै उजागर गरेको छ । इतिहास साक्षी छ कि विगतमा सत्ताको भरपूर उपभोग गरिसकेका र पार्टीभित्र देखिएका अनेकौं विकृति तथा विसंगतिका मुख्य साझेदारहरु नै आज आफूलाई दूधले नुहाएको जस्तो चोखो सावित गर्ने असफल प्रयत्न गरिरहेका छन् । जुन नेतृत्वले कांग्रेसलाई विभाजनको संघारमा पुऱ्याएको छ, उसैबाट पार्टीको वास्तविक पुनरूत्थानको अपेक्षा गर्नु केवल आत्मप्रतारणा मात्र हो । अहिले कांग्रेसका दुवै पक्षका मुख्य पात्रहरु नेपाली राजनीतिमा पूर्ण रुपमा परीक्षण भइसकेका छन् र उनीहरुको कार्यशैलीप्रति आम कार्यकर्ता तथा शुभेच्छुकहरुको मोहभंग भइसकेको छ ।

यस्तो जटिल परिस्थितिमा कार्यकर्ताको सम्पूर्ण उभार नयाँ पुस्ताको पक्षमा देखिएको छ र पार्टीको नेतृत्व अब युवा तथा दोस्रो पुस्ताको हातमा सुम्पनुपर्ने आवाज बुलन्द बन्दै गएको छ । संस्थापन र इतर पक्षको नाममा पार्टीलाई थप दुई भागमा विभाजन गर्नु भनेको समाप्तिको बाटोमा धकेल्नु बाहेक केही होइन । जबसम्म कांग्रेसको नेतृत्वले आफ्ना विगतका गल्ती र कमजोरीहरुप्रति आत्मसमर्पण गर्दै प्रायःश्चित गर्दैन, भविष्यमा सत्ताको लोभमा नफसी पूर्ण पारदर्शी, निष्ठावान् तथा नीतिप्रधान राजनीतिको प्रतिबद्धता जाहेर गर्दैन, तबसम्म यो पार्टी जनताको आकर्षणको केन्द्र बन्न सक्दैन । वर्तमानको आवश्यकता भनेको पुरानै शैली र पुरानै अनुहारको नेतृत्वमा टिकिरहनु होइन । अहिले मेलमिलापको खाँचो रहेको छ ।

टिकटक धेरै हेर्दा हुने समस्याहरू



दमक/ टिकटक हेर्ने बानी मनोरञ्जनको सामान्य माध्यमजस्तो देखिए पनि यसको असर मस्तिष्कमा रक्सी र जुवाको लत सरह देखिएको एक नयाँ अध्ययनले पुष्टि गरेको छ । 'न्यूरोइमेज' जर्नलमा प्रकाशित अनुसन्धानले देखाए अनुसार, रिल र टिकटक जस्ता छोटा भिडियोहरूले मस्तिष्कको कार्यशैलीमा गहिरो असर पार्छन् र ध्यान केन्द्रित गर्न असहज बनाउँछन् ।

शोधअनुसार, यस्ता भिडियोले मस्तिष्कको इनाम प्रणालीलाई अत्यधिक सक्रिय बनाउँछ, जुन मादक पदार्थ सेवन र जुवा खेल्दा पनि सक्रिय हुने देखिएको थियो । यस प्रणालीको अत्यधिक सक्रियताले डोपामाइनको उत्पादन बढाउँछ, जसले मानिसलाई तात्कालिक आनन्द त दिन्छ तर बिस्तारै नियन्त्रण गुमाउने, ध्यान भंग हुने, र सामान्य जीवनशैली निरस लाग्ने अवस्थासम्म पुऱ्याउँछ ।

राति अबेरसम्म टिकटक हेर्ने बानीले शरीरको सर्काडियन घडी अर्थात् प्राकृतिक सुत्ने चक्रमा अवरोध ल्याउँछ । मोबाइलको निलो प्रकाशले मेलाटोनिन उत्पादनमा ढिलाइ गराउँछ, जसको परिणामस्वरूप निद्रामा कमी, स्मरणशक्ति कमजोर, र मूड स्विङ जस्ता समस्या देखिन सक्छन् ।

विशेषज्ञहरूले दिनको २५-३० मिनेटभन्दा बढी रिल नहेर्नु, सुत्नुभन्दा कम्तीमा आधा घण्टा अगाडि फोन बन्द गर्नु, नियमित व्यायाम, र परिवार तथा साथीहरूसँग समय बिताउनु जस्ता उपायहरू अपनाउन सुझाव दिएका छन् । यसका साथै, स्क्रोलिङको सट्टा किताब पढ्ने, म्युजिक सुन्ने वा सिर्जनात्मक काममा लाग्नाले मस्तिष्कलाई सन्तुलनमा राख्न सकिने अध्ययनकर्ताहरूको भनाइ छ ।

समयचक्र

भगवान शिवको 'एक्सपेरिमेन्ट'

विचरा तिनले इजराइलका प्रधानमन्त्री नेतान्याहु, युक्रेनका राष्ट्रपति जेलेन्स्की बोलेको सुनेका भए पो जान्दथे पीडा हुनेले कसरी बोल्छ भनेर 'बिपत्ति भोग्नेको भाषा कस्तो हुन्छ भनेर !

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

भगवान शिवजीको एउटा मिथक अनुसार, अहिले हामी निकै कडा छौं । 'जे गरे पनि नहुने' अवस्थामा । साँच्चै 'जे गरे पनि नहुने' ।

यसबेला भगवान शिव पार्वतीको एउटा मिथक सम्झिरहेको छु । त्यसमा एउटा सम्वाद छ शिव पार्वतीको:

पार्वती: (शिवतिर फर्किएर) स्वामी, हजुरसंग यति धेरै शक्ति र सामर्थ्य हुदाहुँदै पनि किन मान्छेहरूलाई 'एकमना' नबनाउनुभएको ?

शिव: यसको उत्तर अहिले एकछिनमा आउँछ ल ? अब यो घोडा लिएर बस्तीतिर निस्किनु पर्छ यसको उत्तर पाउन ।

उनीहरू बस्तीतिर निस्किए घोडामा । पहिला दुबैजना हिंडेर घोडालाई तान्दैथिए, गाउँलेहरू उनीहरूलाई खिसिटिउरी गर्न थाले, 'हेर न यी खराने जोडी । घोडा हुँदाहुँदै आफू हिंडेर त्यसलाई पो तान्दैछन् । थुक्क मूर्खहरू !' त्यपछि अलिक पर पुगेपछि शिवजी घोडामा चढे र पार्वतीलाई घोडा तान्न लगाए । फेरि गाउँलेहरूबाट नकारात्मक कमेन्ट आयो, 'थुक्क अपराधी ! आफू घोडामा चढेर स्वास्नीलाई घोडा तान्न लगाउँछ । पापी । स्वास्नीलाई कतिसारो हेपेको हउ ?'

त्यसपछि अलिक पर्तिर पुगेर शिवजीले पार्वतीलाई घोडामा चढाए र आफू घोडा तान्न थाले । फेरि गाउँलेहरू खिसिटिउरी गर्न थाले: 'थुक्क जोइटिङ्ग्रे ! स्वास्नीलाई घोडामा राखेर आफू तान्दै छ, हा हा हा !'

फेरि अलिक पर पुगेर शिव पार्वती दुबैजना घोडामा चढे । त्यसपछि त झन् गाउँलेहरू उनीहरूलाई गालीको बर्षा गर्न थाले, 'हेर, अपराधीहरू, दुइटै पो चढेका एउटै घोडामा ? निर्दयी । मायादया नभएकाहरू ।'

त्यसपछि पार्वतीले लामो सुस्केरा हालेर बोलिन्, 'हो रहेछ । मान्छे भन्ने जातलाई केही गरे पनि नहुने रहेछ । जेमा पनि नकारात्मक टिप्पणी गरिहाल्ने । राम्रो केही पनि नदेख्ने । भदौमा आँखा पुटेको जनावरले सधैं हरियो देख्छ भनेजस्तो यिनीहरूका आँखा पनि काँढाले घोचेपछि फुटेको जस्तो । यिनलाई केही गर्दा पनि धर नपाइने रहेछ ।'

'पाइन्न नि, प्रिये । त्यही भएर यी सदासर्वदा यस्तै अन्धै भएर बाँचिरहुन् भनेर मैले छाडिदिएको । अब त बुझ्यौ नि ?' 'जे गरे पनि नहुने' मन्त्र हालिदिएर भगवान शिवले गुन लगाएका मान्छेहरू परेछौं हामी । त्यसमा पनि अलिकति 'हिन्दू सनातन परम्परा' मान्ने भएर पनि हामीमा त्यो चरित्र आउने नै भयो ।

प्रशंग हो अस्ति शुक्रबार बिहान प्रधानमन्त्री बालेन्द्र शाहले राष्ट्रसंघको महासभामा बोलेको कुरा । यति सानो देशको, 'फुच्चे' प्रधानमन्त्रीले सबैकुरा नघुमाइ, मुख नचपाइ विश्वलाई पहिलोपटक नेपालका मुद्दाहरूलाई उठाइदिए । नेपालको लोकतन्त्र, युवाको आवाजको सम्मान, जलवायु परिवर्तनले ल्याएको भयाभह सजायको व्याख्या गर्दै नेपालको पहिचान पशुपतिनाथ र बुद्धलाई पनि चिनाइदिए । 'बुझ्ने मान्छेहरू' छाँयामा परे । अनि शिवजीको गाउँका गाउँलेहरू छ्यापछ्यापती मिडियामा भरिन आइपुगे । हुनत अनेक उपनामले संसदको चूनावदेखिनै आक्रमक एउटा तप्का प्रधानमन्त्रीको खिलापमा थियो, छ र हुने छ । अनि तिनका कमेन्टहरू सुन्दा मलाई यही शिवजीको मिथक याद आयो । यसरी छरिएका थिए शिवबस्तीका मान्छेका मिडिया कमेन्टहरू :

'बालेनको अमेरिका प्रस्थान गर्दा काठमाडौंमा तड्कभड्क खोइ ? राष्ट्रको बेइजत भएको छ अहिले । सलामी खानु पर्ने होइन ? लावालस्कर लिएर विमानस्थल जानु पर्ने होइन ? रातो कार्पेट ओछ्याउनु पर्ने होइन ? सेनाको सलामी खानु पर्ने होइन ?', एक जना डाक्टर हुँ भन्ने हरिलठ्ठक कराउँदै थियो ।

'प्रधानमन्त्री खाडीमा काम गर्ने जाने एउटा श्रमिक जस्तो भएर एक्लै विमानमा चढ्दै गरेको फोटोले देशको शीर झुकाएको छ', अर्को मैमत्ता विद्वानको कमेन्ट थियो ।

'प्रधानमन्त्रीको सल्लाहकार अरे, एउटा पाटेसर्ट लगाएको बाहेक अरू लुगा लगाउन आउँदैन, यस्ताले देश चलाउने सल्लाह दिने?', अर्को 'किताबे बुद्धिजीवी' बोल्यो । त्यो पाटे सर्ट र प्रधानमन्त्रीको भाषणको कनेक्सन खोज्ने विसंगत मान्छे थियो त्यो ।

'राष्ट्रसंघका महासचिवले हात मिलाउन दिँदा क्मेरामा मात्रै ध्यान दिने ट्यापे', अर्को रक्सीमै उठने, रक्सीमै तालमेल मिलाउने, रक्सीमै सुत्ने 'रक्सीशिरोमणि' महान नेता बोल्यो ।

'त्यो छातीमा राखेको क्रश खुकुरी के हो ? देशको पहिचान मेट्ने ? त्यस्तो वाहियात काम गर्ने ?', अर्का सञ्जालमा भ्यूज बढाएर 'जीवन यापन गरिरहेको' ठूटे डाक्टर करायो ।

'त्यो पशुपतिनाथ भनेको के हो ? त्यो त पहिला राजाहरूले प्रयोग गर्ने भाष्य हो । प्रतिगामी भाष्य । यस्तो बोल्ने अन्तराष्ट्रिय मञ्चमा ? महेन्द्र राजाको जस्तो पहिरन लगाएर यो 'महान गणतन्त्र' लाई चूनौती दिन दिन खोजेको ?', अर्का सबैभन्दा धेरै धार्मिक कर्मकाण्ड गरेर समाजमा 'फूई' लाउने 'अधर्मी' तर सबैभन्दा क्रान्तिकारी हुँ भन्ने नेता कराउँदै थयो ।

'कुरा जे भए पनि प्रस्तुति चाहिं के हो ? कति फितलो ? यस्तो कमजोर प्रस्तुतिले देशको शीर झुकाएको छ', अर्को 'झोले राजनीतिक विश्लेषक' करायो । उसको काम भनेको बिहानदेखि बेलुकासम्म एउटा दलको भजन गाउनु हो र त्यसैको लागि उसले आफूलाई 'राजनीतिक विश्लेषक' पनि भन्छ ।

'यति डाइरेक्ट त भन्नु हुने थिएन । डिप्लोमेटिक भाषा प्रयोग गर्नु पर्थ्यो । आजसम्म कसैले यसरी सिधै कुरा राखेका थिएनन् । भाषामा पाखेपारा भयो', प्रधानमन्त्रीको भाषणलाई लिएर एकजना 'झोले कुटनीतिज्ञ' बोल्दै थियो । बिचरा उसले इजराइलका नेतान्याहु, युक्रेनका जेलेन्स्की बोलेको सुनेको भए पो जान्दथ्यो पीडा हुनेले कसरी बोल्छ भनेर ! बिपत्ति भोग्नेको भाषा कस्तो हुन्छ भनेर ! हजारौं नागरिकहरू खोलाको लेदोमा हराइरहेको देशको प्रधानमन्त्रीले धूप हालेर बोल्नु पर्ने हो र ? त्यो लेदो ल्याउन ०.०१ प्रतिशत पनि जिम्मेवारी नरहेको, तर सबैभन्दा ठूलो सजाय पाइरहेको मुलुकको प्रधानमन्त्रीले त्यहाँ गएर मुस्कान छरेर आउनु पर्ने ? देशको कुरा संसारले बुझ्ने भाषामा अरूको जस्तो 'मुख नचपाइकन' भन्नु पनि गलत ठहर गर्ने यो समय गज्जपकै छ, कया !

यति हेरिसक्दा, पढिसक्दा मेरो मनमा उही भगवान शिवको 'एक्सपेरिमेन्ट' याद आयो । त्यो एक्सपेरिमेन्टमा सहभागी गाउँलेहरू यिनै नेपाली 'बुजूकहरू' रहेछन् भन्ने लाग्यो । हुन त म न त शिवभक्त हुँ, न बालेनभक्त । तर एउटा सचेत नागरिकले आफ्नो मुलुकलाई 'कुरूप बिम्ब' मा देख्नुभन्दा कुरूप कुरा अरू केही हुँदैन रहेछ । र अर्को कुरा, आफ्नो देशको प्रधानमन्त्रीलाई खुइल्याउँदा आफू र त्यो देशको समग्र नागरिक पनि खुइलिन्छन् भन्ने ज्ञान यी दिमाग टाल्लिएकाहरूलाई दिने यो जुनिमा कोही पनि छैन । र आखिरी जे गरे पनि नहुने नै रहेछ । ऊँ नम शिवाय ! - दमक, झापा

पहिरोका कारण सोलुखुम्बु–काठमाडौँ आवागमन बन्द

सोलुखुम्बु / सोलुखुम्बुको स्थलमार्गबाट प्रवेश गर्ने मुख्य नाकामा सडक भासिएपछि जिल्ला र सङ्घीय राजधानी काठमाडौँ बीचको सडक सम्पर्क टुटेको छ । निरन्तरको वर्षाका कारण सिद्धिचरण लोकमार्गअन्तर्गत सोलुदूधकुण्ड नगरपालिका-११ सिस्नेरीको साल्मे क्षेत्रमा शुक्रबार दिउँसो करिब २० मिटर सडक भासिएपछि सवारी आवागमन पूर्ण रूपमा अवरुद्ध भएको हो ।

सडक भासिएसँगै सोलुखुम्बुबाट काठमाडौँ तथा कोशी प्रदेशको राजधानी विराटनगरतर्फ जाने र ती क्षेत्रबाट सोलुखुम्बु भित्रिने यातायात सेवा प्रभावित भएका प्रमुख जिल्ला अधिकारी कमानसिंह थापामगरले जानकारी दिए । उनका अनुसार सडकको ठूलो हिस्सा भासिएर क्षतिग्रस्त भएपछि ठूलासाना सबै सवारीसाधन सञ्चालन गर्न सकिएको छैन ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सुरुमा माथिबाट आएको पहिरोले सडक अवरुद्ध भएपछि जेसिबीको प्रयोग गरी पहिरो हटाएर यातायात सञ्चालन गर्ने प्रयास गरिएको थियो । तर पहिरो हटाएपछि सडकको तल्लो भाग कमजोर भई पुनःभासिएपछि सडक पूर्ण रूपमा क्षतिग्रस्त बनेको हो । निरन्तर वर्षा भइरहेकाले भासिएको सडक तत्कालै पुनःनिर्माण गरी यातायात सञ्चालनमा ल्याउन चुनौती देखिएको छ । सडकको तल्लो भागमा थप क्षति हुनसक्ने भएकाले काम अघि बढाउनसमेत समस्या भइरहेको प्रशासनले जनाएको छ ।

सनसाईनको बार्षिक साधारणसभा

भद्रपुर/ सनसाईन बचत तथा ऋण सहकारी संस्था लि चन्द्गढीको १३ औं बार्षिक साधारणसभा विविध कार्यक्रमका साथ शनिबार चन्द्रगढीमा सम्पन्न भएको छ । सहकारीका जेष्ठ सदस्य पञ्चुराम मरिको प्रमुख आतिथ्यतामा सम्पन्न सभामा संस्थाका अध्यक्ष बालकृष्ण बास्तोलाले सहकारीको १ करोड ४२ लाख ६ हजार ३ सय शेयर पुंजी रहेको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै संसथाका विविध गतिविधि माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा शेयर सदस्य सन्तति मध्येबाट २०८२ सालको एस ई ई परिक्षामा उत्कृष्ट हुने छात्रा सविना मुर्मु र छात्र अर्पण राजवंशी, उत्कृष्ट बचतकर्ता टोमि लाल राजवंशी र दुर्गामाया योङहाङ तथा ऋणी रमा कार्की र सन्तोषी नेम्वाङ लाई नगद सहित कदरपत्रद्वारा सम्मान गरिएको थियो ।

कार्यक्रममा यस वर्ष संस्थाका उत्कृष्ट कर्मचारी तारा भट्टराईलाई सम्मान गरिएको थियो। बास्तोलाको अध्यक्षतामा सम्पन्न सभामा प्रमुख अतिथि मरिक,भद्रपुर नगरपालिका सहकारी शाखा प्रमुख नेत्र प्रसाद पोखरेल सहकारी का पुर्व सचिव दयाराज राजवंशी सल्लाहकार समिति सदस्य गंगा प्रसाद घिमिरे लगायतले मन्तव्य राखेका थिए । कार्यक्रमको संचालन टीकाप्रसाद दाहाल र स्वागत मन्तव्य सह सचिव टिकाराम लुईटेलले गरेका थिए ।

सामाजिक सञ्जालमा

बर्देवाको निधनको खबरले स्तब्ध बनायो

प्रकाशचन्द्र परियार

'इटहरी रत्न' प्रिय दाजु भाईशन बर्देवाको निधनको खबरले स्तब्ध बनाएको छ । अप्रत्याशित निधनको खबरले जति स्तब्ध बनाएको छ मिलनशारीता, सदाशयता र सहयोगी भावनाको त्यो बेजोड सरल व्यक्तित्वको क्षतिले उत्तिकै मर्माहत बनाएको छ ।

नीर शाह देखि यश कुमार सम्म सिके श्रेष्ठ देखि हरिवंश आचार्य सम्म पूर्वी नेपालको 'गेटवे' ईटहरीमा भाईशन दाईको चिया निम्तो नमानी सायदै कोशी प्रदेशको भब्यतम कार्यक्रम सम्पन्न भएन होला ।

कलाचेतका धनी, समाजसेवी, गीतकार, प्रोड्युसरको शौखलाई धानी रहेका भाईशन दाइ पूर्वी नेपालबाटबाट राष्ट्रिय जीवनमा उदाएका फेसन डिजाईनर हुन । कुनै जमाना इटहरीमा जय नेपाल होटल, एन्जल टेलर्श र रामकुमार सुब्बाको निवासको त्रिकोणात्मक चर्चा नगरी चिया पाक्दैन भनिन्थ्यो ।

मलाई लाग्दैन एन्जल टेलर्शको पहिरनले सह पालेका करिब १ हजार सार्वजनिक ब्यक्तित्व आजको दिन मर्माहत नभएका हुन । संगीतका अविचलित सारथी राजु केसी र भाईशनदाईको बाल्यकालीन दोस्तीको बीचमा म पनि सामाजिक/ साहित्यिक जगबाट त्यो कुटीमा छिरेको हुँ । सर्वश्री सिके दाईले 'भाईराजुप्रकाश' भनेर सायद तीनजनालाई अकाट्य बनाउन खोजेका पो हुन कि आज झलझली सम्झिरहेको छु ।

पूर्वी नेपालमा कोही मान्छे सार्वजनिक क्षेत्रको बहुकोणप्रति अचाक्ली मरिहत्ते गर्छ भने भाईशनदाईलाई नभेटी, चिया नखाई सायदै गोडाफाडेन होला । मृत्यु सत्य स्विकार्छु तर नारायण गोपालले गाएको त्यो गीत यसकारण पनि कालजयी छ कि जसले असामयिकतालाई अलि बढीनै छताछुल्छ पारि दिएको छ । संसारमा जन्म दिएर ईश्वर बैंशमा नमार, बैशमा नमार ! अल विदा! भाईशन दाइ सदा मनमा रहनु हुनेछ ।

जापनिज इन्सेफलाइटिस रोगबिरुद्धको खोप अभियानबारेको सूचना

यही मिति २०८३ साल असोज ५ गतेदेखि १५ गतेसम्म झापा जिल्ला अन्तर्गतका सम्पूर्ण स्थानीय तहमा ३० वर्ष उमेर पुरा भएका सम्पूर्ण नागरिकहरुलाई जापनिज इन्सेफलाइटिस (जेई) रोग बिरुद्धको खोप अभियान सञ्चालन गरिने भएको हुँदा उक्त उमेर समूहका सम्पूर्ण महानुभावहरुले आफ्नो पायक पर्ने सोप केन्द्रमा गई जापनिज इन्सेफलाइटिस रोग बिरुद्धको खोप लगाउनुहुन अनुरोध छ । लामखुट्टेको टोकाईबाट बच्ने र खोप लगाउनेमात्र यस रोगबाट बच्ने उपाय भएकोले खोप लागाउने अवसर नछुटाउनुहुन अनुरोध छ ।

पुनश्च: थप जानकारीको लागि नजिकैको स्वास्थ्य संस्था वा सम्बन्धित स्थानीय तहको स्वास्थ्य शाखामा सम्पर्क गर्नहुन समेत अनुरोध छ ।

अनुरोधकर्ता
स्वास्थ्य कार्यालय झापा
कोशी प्रदेश नेपाल

किन गरिन्छ सोह्रश्राद्ध ?

दसैं सुरु हुनु अघि १६ दिनको पक्षलाई पितृपक्ष अर्थात सोह्रश्राद्ध भनिन्छ। सोह्रश्राद्ध आश्विन कृष्ण प्रतिपदादेखि आश्विन शुक्ल प्रतिपदासम्म चल्ने छ। यो अवधिमा पितृहरू पृथ्वी लोकमा आआफ्ना सन्ततिका घरमा आएर बस्ने गर्दछन् भन्ने मान्यता पनि रहेको छ।

हिन्दु धर्मावलम्बीहरूले सोह्र श्राद्ध, पितृ पक्ष, जितिया, महालय पक्ष, पितृ पोखो आदि विभिन्न नामले यी पवित्र १६ दिनको पुकारा गर्ने गर्छन्। पितृ कर्मलाई सनातन संस्कारको केन्द्रबिन्दुका रूपमा लिइएको छ। सोह्र दिनको यस पक्षमा मानिस आफ्ना पितृहरूलाई प्रतिदिन जल तर्पण गर्दछन् र तिनको मृत्यु तिथि अनुसार श्राद्ध गर्दछन्।

केही मानिस, जसलाई आफ्ना परिजनहरूको मृत्यु तिथि थाहा हुँदैन, तिनको समस्यालाई ध्यानमा राखी पितृ पक्षका त्यस्ता केही विशेष तिथिहरू निर्धारित गरिएको छ जुन दिन श्राद्ध गर्नाले हाम्रा समस्त पितृहरूको आत्मालाई शान्ति प्राप्त हुन्छ।

पितृ कार्य गरी दिइएको पिण्ड तर्पण भोजनमा परिणत भई पितृहरूले पाउँछन् भन्ने मान्यता छ। सोह्र श्राद्धका दिनमा श्राद्ध गर्ने कर्ताले (पुरुषले) दारी, कपाल काटी एक छाक खाई शुद्ध हुने चलन छ। यसका साथै शुद्ध ठाउँमा बसेर श्राद्ध गर्ने गरिन्छ।

यस्तै, काग, गिद्धको दृष्टि नपुग्ने, घरपालुवा कुकुर आदि जनावरको पहुँच नभएको र प्राङ्गण भएको ठाउँमा र श्राद्धकर्ता पूर्व वा दक्षिण फर्केर श्राद्ध गर्ने चलन छ। शास्त्रअनुसार श्राद्ध गर्ने ठाउँ नजिकै फलामयुक्त सामान वा घन, भ्याम्फल, कुटो, कोदालो, काटी लगायतका सामानहरू राख्नु हुँदैन। यस्ता सामान यमराज अर्थात् यमदण्डको प्रतीक भएकाले यिनलाई देखेमा पितृहरू डराइ भाग्छन् र घरमा प्रवेश गर्दैनन् भन्ने मान्यता छ।

शास्त्रअनुसार कुन तिथिमा कसको श्राद्ध गरिन्छ ?

जसको अल्पायुमा, कुनै दुर्घटना परी, सर्पको डसाइबाट, विष सेवनबाट, शस्त्र प्रहारबाट, हत्याबाट, आत्महत्या वा अन्य कुनै तरिकाको अस्वाभाविक रूपमा निधन भएका पितृहरूको श्राद्ध चतुर्दशी तिथिका दिन गर्नुपर्छ। जसको मृत्यु सामान्य एवं स्वाभाविक चतुर्दशी तिथिमा भएको छ, उनीहरूको श्राद्ध पितृ पक्षको त्रयोदशी अथवा अमावस्याका दिन गर्नुपर्छ भन्ने शास्त्रीय मान्यता छ।

काल गतिले परलोक भएकाहरूको श्राद्ध भाद्र पूर्णिमा वा आश्विन कृष्ण अमावस्याका दिन गर्नुपर्छ। पति जीवित छँदै मृत्यु महिलाको श्राद्ध पितृ पक्षको नवमी तिथिमा गर्नु पर्छ। सन्यासीहरूको श्राद्ध पितृ पक्षको द्वादशीमै गर्नुपर्छ। मामाघरको हजुरबा तथा हजुरआमाको श्राद्ध आश्विन शुक्ल प्रतिपदामै गर्नुपर्छ भन्ने कुरा शास्त्र उल्लेख छ।

सोह्र श्राद्धमा के गर्ने ? के नगर्ने ?

शास्त्रअनुसार श्राद्धभन्दा एक दिन अगाडि नङ, कपाल आदि काटी तर शरीरमा सुन, तेल र साबुनको संसर्ग नगरी एक छाक 'एकछाकी' सात्विक भोजन गरी चोखोनितो रूपमा बस्नु पर्छ। श्राद्धका दिन र सोह्रश्राद्धको पूरा अवधिभर घरमा तामसी भोजन माछा मासु, मदिरा वा कुनै मादक पदार्थको सेवन र संसर्ग गर्नु हुँदैन।

श्राद्धमा मुसुरीको दाल, लौका, चिचिन्डो, बैगुन, लसुन, प्याज, कोदो, तीते फापर लगायतका खाद्यवस्तुहरूको प्रयोग गर्नु हुँदैन। श्राद्धको दिनमा हलो जोत्नु, कोदालो खन्नु, दाउरा काट्नु, नाचगानलाई निषेधित गरिएको छ। एकछाकी र श्राद्धका दुवै दिन आकस्मिक रूपमा धनप्राप्त हुने कुनै पनि लाभमूलक काम गर्नु हुँदैन।

पूर्ण ब्रह्मचर्यको पालना गर्नुपर्दछ। दिउँसो सुत्नु वा निदाउनु हुँदैन र राति पनि भुईंमा एकसरो ओछ्यान लगाएर शयन गर्ने परम्परा रहेको छ।

पितृ पक्षमा कुनै पनि मांगलिक तथा शुभ काम गर्न वर्जित छ। यतिखेर इनार वा कुवा निर्माण, देव प्रतिष्ठा वा कुनै प्रयोजनका लागि व्रत, उत्सव, उद्यापन र वधू प्रवेश लगायतका कार्य गर्नु हुँदैन। श्राद्ध पक्षमा घरमा रंग लगाउन, नयाँ कपडा किन्न, घर सर्ने, विवाह गर्ने र विवाहको कुरा झिक्न समेत वर्जित छ। भूमि पूजन, इनार पूजा, संन्यास ग्रहण, व्यापारको श्रीगणेश आदि गर्नु हुँदैन।

भोजपुरको ग्रामीण क्षेत्रमा यातायात ठप्प

भोजपुर/ केही दिनदेखि परेको अविरल वर्षाका कारण भोजपुर जिल्लाको समग्र जनजीवन कष्टकर बनेको छ। लगातारको झरीका कारण पहाडी सडकखण्डमा यातायात सेवा ठप्प हुँदा आवागमनमा सास्ती भएको हो। वर्षाका कारण ग्रामीण क्षेत्रका कच्ची सडकहरू हिलाम्य हुनुका साथै ठाउँठाउँमा पहिरो जाँदा आवतजावत पूर्ण रूपमा प्रभावित भएको छ।

ग्राणीण क्षेत्रमा यातायात तथा ढुवानी सेवा बन्द भएपछि दैनिक उपभोग्य खाद्य सामग्री ढुवानीमा समेत समस्या भएको छ। सवारीसाधन नचल्दा बिरामी तथा अशक्त नागरिकलाई उपचारका लागि अस्पतालसम्म पुऱ्याउन कठिन भइरहेको टेम्केमैयुङ गाउँपालिका-५ मझौलेका स्थानीय धनराज राईले बताए।

सम्भावित जोखिमलाई मध्यनजर गर्दै भोजपुर सदरमुकामबाट उत्तरी क्षेत्रको षडानन्द नगरपालिका तथा दक्षिणी क्षेत्रको बैकुण्ठे हुँदै हतुवागढी र आमचोक गाउँपालिका जोड्ने सडकखण्डमा असोज ८ गतेदेखि यातायात सञ्चालनमा रोक लगाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

साथै मध्यपहाडी लोकमार्गमा रातको समयमा हुन सक्ने सम्भावित दुर्घटना र पहिरोको जोखिमलाई न्यूनीकरण गर्न बेलुका ७:०० बजेदेखि बिहान ५:०० बजेसम्म अत्यावश्यक बाहेकका सबै यातायात सञ्चालनमा प्रतिबन्ध लगाइएको छ।

स्वास्थ्य

किन फरफराउँछ आँखा ?

दमक/ हाम्रो समाजमा आँखा फरफराउनुलाई शुभ या अशुभ संकेत मान्ने अन्धविश्वास छ। आँखा फरफराउनुलाई कुनै घटना वा खबर प्राप्तिको पूर्वसङ्केतका रूपमा लिइन्छ। सामुद्रिक शास्त्रअनुसार आँखा फरफराउँदा अलगअलग संकेत रूपमा बुझ्न सकिन्छ। पुरुषको दायाँ आँखा फरफराएको शुभ मानिन्छ भने महिलाको बायाँ आँखा फरफराउनु शुभ मानिन्छ।

पुरुषको दायाँ आँखा फरफराउँदा पुरुषका सबै इच्छा पुरा हुने, पदोन्नति वा धन लाभ हुने मान्यता छ।

यस्तै, महिलाको बायाँ आँखा फरफराएमा सुनचाँदी लगायत गहना वा कारोबारमा लाभ मिल्ने मान्यता छ।

तर चिकित्सकहरूका अनुसार कसैको आँखामा एलर्जी भई पानी आएमा, चिलाएमा आँखामा मांसपेशी सम्बन्धित समस्या हुँदा, धेरै तनाव र थकानका कारण निद्रा नपुग्दा, म्याग्नेसियमजस्ता केही पोषक तत्त्वको कमी हुँदा, चिया, कफी वा अल्कोहल बढी सेवन गरेमा आँखा फरफराउने समस्या हुन सक्छ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

SHREE RATNA JEWELLERY
सुनचाँदी व्यवसायी संघ, दमक
हिजोको सुनचाँदी बिक्री दर
छापावाल सुन 2,99,800/
चाँदी 4,670/
गुणस्तरीय आधुनिक गहनाहरूको लागि हामीसँगै विश्वसनीय तथा सम्पूर्ण ग्राहकहरूको हार्दिक धन्यवाद ।
दमक, झापा
9815996315

पुस्तक-साभार

राष्ट्रवादको आलोकमा राजा महेन्द्रको डायरी

✍ युवराज गौतम

मानदेवदेखि महेन्द्रसम्म

क्रमागत... विदेशीले नेपालमा घरजग्गा किनबेच गर्न नपाउने कानून ल्याउँदा राजा महेन्द्रको भारतका केही पत्रपत्रिकाबाट विरोध भयो। काठमाडौंबाट नौबीसे, टिस्टुङ हुँदै हेटौंडा-वीरगञ्ज जोड्ने त्रिभुवन राजपथ मात्र निर्माण भएको अवस्थामा महेन्द्रले भक्तपुर हुँदै चीनको सिमाना पुग्ने अरनिको राजमार्ग बनाउन चीनका शक्तिशाली नेता माओलाई अनुरोध गरे। चीनको अर्थव्यवस्था सुदृढ नभए पनि नेपालप्रति सद्भाव राखेर चीनले बाटो बनायो। यसबाट आर्थिक, रणनीतिक, कूटनीतिक र राजनीतिक सन्देश संसारमै फैलियो। धेरै राष्ट्रले नेपाल भारतकै प्रान्त ठान्थे। महेन्द्रले नेपाल स्वतन्त्र थियो, स्वतन्त्र छर स्वतन्त्र रहनेछ भन्ने सन्देश दिए। राष्ट्रबादको आलोकमा उनको विचार अध्ययन गर्दा महेन्द्र अत्यन्त दूरदर्शी थिए भन्ने बुझिन्छ

राष्ट्रपति लिन्डन बेन्स जोन्सनको निमन्त्रणामा सन् १९६७ को नोभेम्बर १ मा राजा महेन्द्रले अमेरिका भमण गरे। महारानी रत्न, अमेरिकामा अध्ययन गरिरहेका युवराज वीरेन्द्र, उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री कीर्तिनिधि विष्ट लगायत विशिष्ट व्यक्तिहरु भ्रमण दलमा थिए। अमेरिकी राष्ट्रपतिसँगको वार्तामा महेन्द्रले अमेरिकी सहायता स्वीकार गरे पनि नेपालको परराष्ट्रनीति असंलग्न सिद्धान्तमा आधारित रहने प्रष्ट पारे।

यस अघि ड्वाइट डेविड आइजनहावर राष्ट्रपति छँदा सन् १९६० को अप्रिल २८ मा अमेरिकाका दुई वटा सदन (संसद्) लाई सम्बोधन गर्ने क्रममा राजा महेन्द्रले नेपाल सधैं तटस्थ रहने र कुनै सैन्यगुटमा सामेल नहुने प्रष्ट पारेका थिए।

सन् १९५८ मा राजा महेन्द्रले सोभियत संघ (यूएसएसआर) को आर्थिक सहायता स्वीकार गरेपछि नेपाल कम्युनिष्ट शिविरमा सामेल हुन लागेको आशंका गर्दै अमेरिकाले नेपाललाई महत्व दिएको पुराना कूटनीतिज्ञ हृषिकेश शाहको तर्क छ।

२०१५/२०१६ सालतिर अमेरिकामा राजदूत भएका शाह संयुक्त राष्ट्रसंघमा स्थायी प्रतिनिधि समेत भए। पञ्चायती संविधान (२०१९ साल) मस्यौदा समितिका अध्यक्ष र २०१७ सालमा राजा महेन्द्रको अध्यक्षतामा गठित मन्त्रीमण्डलमा मन्त्री रहेका शाह महेन्द्रका विश्वासपात्र थिए। चीन र भारतबीचमा रहेको नेपालमा कम्युनिष्ट प्रभाव फैलिने भयले अमेरिकाले राजा महेन्द्रसँग गहिरो र आत्मीय सम्बन्ध बनाउन चाहेको शाहको विश्लेषण छ। मस्कोका शक्तिशाली कम्युनिष्ट शासक निकिता खुस्चेभले नेपाल अमेरिकाको अनुयायी बनेको आरोप लगाउँथे भनेर आत्मकथा (प्रारब्ध र पुरूषार्थ) मा शाहले लेखेका छन्।

विश्व नै दुई शिविरमा विभाजित थियो। सोभियत संघ र अमेरिकाका बीचमा ठूलो प्रतिस्पर्धा र वैचारिक लडाइँ थियो। मस्कोका शासकहरूसँग चीन चिढिए पनि अमेरिकासँग उसको सम्बन्ध राम्रो थिएन। यस्तो अवस्थामा राजा महेन्द्रले कूटनीतिक समझदारी र सन्तुलन कायम नगरेको भए नेपालमा अन्तर्राष्ट्रिय सहयोग आउने थिएन। चीन र भारतबीचको युद्धले ती राष्ट्र एक, अर्काका दुस्मन थिए। चीनका प्रभावशाली नेताहरु राष्ट्राध्यक्ष लिउ-साओ-ची र मार्सल चेन यी भन्थे-"चीनसँग दुस्मनी गर्नेलाई हामी सहँदैनौ।"

हृषिकेश शाहले लिउ-साओ-चीको कथन उद्धृत गर्दै लेखेका छन्, "तपाईको देश नेपाल र भारत घनिष्ट छिमेकी हुन्। तपाईले नेहरु (भारतीय प्रधानमन्त्री) लाई भनिदिनुहोस्, हामीलाई उहाँ हाम्रो क्वार्टर-मास्टर जनरल भएको हेर्दा दुःख लाग्नेछ।" कोमिन्ताङ नेता चियाङ काइसेकलाई उकासेर अमेरिकाले पठाएको हतियार ढिलो, चाँडो चीनको हातमा पुग्ने गरेको प्रसङ्ग निकाल्दै लिउ-साओ-चीले 'अरूले दिएको हतियारको भरमा भारतले चीनलाई जित्न सक्दैन' भनेका थिए। क्रमशः...

जीवन शैलीमा योगको महत्त्व

दमक/ संस्कृतमा दैनिक कार्यक्रमलाई दिनचर्या भनिन्छ। दिनको अर्थ हुन्छ हरेक समय र आचार्यको अर्थ हुन्छ त्यसको पालन गर्नु र त्यसको निकट रहनु। दिनचर्या आदर्श दैनिक कार्यक्रम हो जो प्रकृतिको चक्रलाई ध्यानमा राख्छ। आयुर्वेद बिहानको समयमा केन्द्रित हुने गरेको छ किनकि बिहानीले पूरै दिनलाई नियमित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ।

आयुर्वेदका अनुसार दिनचर्या शरीर र मनको अनुशासन हो र यसले प्रतिरक्षा तन्त्र मजबुत हुन्छ। त्यस्तै मल (फोहर) पदार्थबाट शरीर शुद्ध हुन्छ। स्वस्थ दिनचर्याले शरीर र मन शुद्ध हुन जान्छ। दोष सन्तुलित हुन्छ, प्रतिरक्षा तन्त्र मजबुत हुन्छ र दिनको शुरुआत ताजगी हुन्छ।

बिहानमा सरल दिनचर्याको पालन गर्दा तपाईंको दिनको सुरुवात आनन्दमय हुन्छ। तपाईंको बिहानीलाई ताजा बनाउनका लागि कहीं उपाय अपनाउन जरुरी हुन्छ।

ब्रह्म मुहूर्त

सूर्योदय भन्दा डेढ घण्टा पहिला उठ्नाले तपाई सूर्यको लयका साथ अघि बढ्न सक्नुहुन्छ। आयुर्वेदमा ब्रह्म मुहूर्तको ठूलो महिमा उल्लेख गरिएको छ। ब्रह्म मुहूर्तको अर्थ हुन्छ ब्रह्मको समय या शुद्ध चेतनाको समय।

बिहान सबेरै उठ्नेलाई आयुर्वेदमा सर्वश्रेष्ठ मानिएको छ। सूर्योदय भन्दा डेढ घण्टा पहिला वातावरणमा विशाल ऊर्जाको गति भरिन्छ। त्यस्तै सूर्योदय भन्दा आधा घन्टा पहिला दोस्रो तहको ऊर्जा वातावरणमा प्रवाह भइरहेको हुन्छ।

आशा, प्रेरणा तथा शान्तिका लागि यो ऊर्जा निकै महत्त्वपूर्ण हुन्छ। यो समय वातावरण शुद्ध, शान्त तथा सुखदायक हुन्छ। यो समय ध्यान गर्नाले मानसिक समस्यामा वा समस्यामा समेत सुधार हुन्छ। तनावको विसर्जन हुन्छ।

योग, प्राणायाम : बिहान ब्रह्म मुहूर्तमा उठेपछि योग तथा प्राणायाम गर्न जरुरी छ। आजको व्यस्त जीवन शैलीमा शरीरलाई ठीक राख्न पनि योग र प्राणायामको विशेष महत्व रहेको छ। प्राणायाम श्वासप्रश्वासको एक विशेष विधि हो। योगले शरीरमा ऊर्जा उत्पन्न गराउँछ।

सफाइ : बिहान उठेपछि चिसो पानीले कुला गर्ने गर्नु स्वास्थ्यका हिसाबमा राम्रो हुन्छ। त्यस्तै बिहान शरीरलाई सफा राख्न सकियो भने दिनभर नै त्यसले स्फूर्ति प्रदान गर्छ त्यसैले बिहान योग प्राणायाम सकिएपछि नुहाएर शरीरलाई स्वस्थ र सफा बनाउन जरुरी छ।

एजेन्सीको सहयोगमा

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

दैनिक राशिफल

आज मिति २०८३ साल असोज १२ गते सोमबार
28 Sept. 2026
तिथि: द्वितीया श्राद्ध

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

राशि	अक्षर	फल
मेष	चु चे लो ला लि लँ ले लो अ	खर्च बढ्ने । १ बजेबाट आम्दानी बढ्ने ।
वृष	इ उ ए ओ वा वि वु वे वो	व्यापारबाट लाभ । १ बजेबाट खर्च बढ्ने ।
मिथुन	का कि कु घ ङ छ के को हा	बुबाबाट सहयोग । कारोबारबाट लाभ ।
कर्कट	(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)	सामान्य लाभ । राज्यपक्षको भय ।
सिंह	मा मि मु मे मो टा टि टु टे	स्वास्थ्यमा समस्या । सामान्य धनलाभ ।
कन्या	टो प पी पॅ ष ण ठ पे पो	व्यापारबाट लाभ । १ बजेबाट मनमा अशान्ति ।
तुला	(रा, रि, रु, रे, रो, ता, ति, तु, ते)	मामाबाट सहयोग । साझेदारी व्यापारबाट लाभ ।
वृश्चिक	तो ना नि नँ ने नो या यि यु	पढाईमा बाधा । १ बजेबाट कारोबारमा लाभ ।
धनु	य यो भा भी भ धा फा ढ भे	शत्रु बढ्ने । कार्यमा बाधा ।
मकर	भो जा जी खि खू खे खो गा गी	कार्यमा सफलता । भाइबैनीहरुको सहयोग ।
कुम्भ	गँ गे गो सा सी सँ से सो द	कार्यमा बाधा । पढाईमा केही सफलता ।
मीन	दि दु थ झ ञ दे दो चा ची	उत्तम भोजन । कार्यमा सफलता ।

जेनजी आन्दोलनले ध्वस्त भएको दमक नगरपालिकको पुरानो प्रशासनिक भवन (उत्तरपट्टि) को संरचना भत्काउन सुरू गरिएको छ ।

३0 हजार टन युरिया मल खरिद गर्दै सरकार

दमक । सरकारले आगामी गहुँ बालीका लागि मल अभाव हुन नदिन थप ३० हजार मेट्रिक टन युरिया मल खरिद प्रक्रिया अघि बढाएको छ । कृषि सामग्री कम्पनी लिमिटेडले युरिया मल खरिद तथा आपूर्तिका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको हो ।

कम्पनीले ४६-०-० गुणस्तरको युरिया खरिद गर्न अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र आह्वान गरेको जनाएको छ । बोलपत्रमा योग्य आपूर्तिकर्ताले सहभागिता जनाउन सक्नेछन् । खरिद गरिएको मल कोलकाता वा हल्दिया बन्दरगाह हुँदै विराटनगर, वीरगन्ज र भैरहवास्थित कृषि सामग्री कम्पनीका गोदामसम्म पु-याउनुपर्नेछ । अन्तिम गन्तव्यसम्मको बिमा पनि आपूर्तिकर्ताले नै गर्नुपर्ने व्यवस्था छ । बोलपत्र दस्तुर ४ लाख रूपैयाँ तोकिएको छ भने बोलपत्र जमानत २० हजार अमेरिकी डलर बराबरको हुनुपर्नेछ । पूर्वबोलपत्र बैठक अक्टोबर १६ गते कम्पनीको कुलेश्वरस्थित प्रधान कार्यालयमा हुने जनाइएको छ ।

यसअघि सरकारले भारतसँगको जिट्रजी प्रक्रियामार्फत ३० हजार टन रासायनिक मल खरिद गरिसकेको छ । त्यसअन्तर्गत केही मल वीरगन्ज नाकाबाट नेपाल भित्रिएर कृषि सामग्री कम्पनीको मधेश प्रादेशिक कार्यालयमा भण्डारण गरिएको छ ।

कृषि, वन तथा वातावरण मन्त्रालयका अनुसार कृषि सामग्री कम्पनीमार्फत युरिया र डिएपी गरी ६० हजार २२० टन तथा साल्ट ट्रेडिङमार्फत २२ हजार ७३५ टन युरिया गरी कुल ८२ हजार ९५५ मेट्रिक टन मल आउने क्रममा छ ।

सरकारले चालु आर्थिक वर्षमा ५ लाख ५० हजार मेट्रिक टन अनुदानित रासायनिक मल आपूर्ति गर्ने लक्ष्यसहित ३२ अर्ब ४६ करोड १९ लाख रूपैयाँ बजेट छुट्याएको छ । अन्तर्राष्ट्रिय आपूर्ति शृंखलामा देखिएको अवरोधका कारण आगामी दिनमा मल अभाव हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै सरकारले मौज्दात बढाउन थालेको हो ।

असोज १ गतेसम्म कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङका गोदाममा गरी ८७ हजार ८९१ मेट्रिक टन मल मौज्दात रहेको मन्त्रालयले जनाएको छ । यद्यपि किसानले बर्खेधानमा आवश्यक मात्रामा मल नपाएको गुनासो गरेका छन् । आगामी गहुँ बालीका लागि पनि समयमै मल उपलब्ध गराउन सरकारले खरिद तथा भण्डारण बढाउने तयारी गरेको छ ।

करिब.... पर्यटन, शिक्षा र साहसिक गतिविधिलाई एकै ठाउँमा जोड्ने गन्तव्यका रूपमा विकास गर्ने अवधारणा अघि सारिएको छ । पार्कमा भीसी पार्क, पिकनिक स्थल, वन उद्यान तथा वनस्पति क्षेत्र, पोखरी तथा जल संरक्षण क्षेत्र, चिडियाखाना तथा जैविक विविधता संरक्षण क्षेत्र, तालिम तथा सेमिनार केन्द्र, भुटानी संस्कृति तथा जीवित सम्पदा क्षेत्र, स्थानीय सांस्कृतिक क्षेत्र, मोनोरेल तथा साहसिक गतिविधि, प्रदर्शनी तथा संग्रहालय केन्द्र, बाल उद्यान तथा खुला व्यायामशाला, पार्किङ र सार्वजनिक शौचालयलगायत संरचना प्रस्ताव गरिएका छन् ।

दमक नगरपालिकाले यसअघि पनि पर्यटन पूर्वाधारलाई प्राथमिकता दिंदै आएको पहिलो पटक नभएको नगरप्रमुख थापाको भनाई छ । नगरपालिकाको विगतको नीति तथा कार्यक्रममा महाराजथान क्षेत्रलाई सांस्कृतिक तथा मनोरञ्जन पार्कका रूपमा विकास गर्ने, वडा नं. २ को शहीद वन वाटिकालाई पर्यटन पार्क बनाउने, विज्ञान पार्क निर्माण गर्ने तथा बहुउद्देश्यीय संग्रहालय विकास गर्ने योजना समावेश थिए ।

नगरपालिकाको बृहत् योजनाले पनि दमकमा पर्यटनको सम्भावना भए पनि त्यसलाई व्यवस्थित रूपमा विकास गर्नुपर्ने औंल्याएको छ । उक्त योजनामा सांस्कृतिक तथा धार्मिक स्थलको प्रचार(प्रसार, सामुदायिक पर्यटन, भुटानी सांस्कृतिक सम्पदाको संरक्षण, विज्ञान पार्क, मनोरञ्जन तथा सांस्कृतिक केन्द्र र पर्यटनमैत्री होटल विकासलगायतका उपाय प्रस्ताव गरिएका छन् ।

पार्कसँगै 'दमक पर्यटन सर्किट' आवश्यक

बहुउद्देश्यीय पार्क निर्माणसँगै दमकलाई वास्तविक पर्यटकीय हब बनाउन एउटा पार्क मात्र पर्याप्त नहुने पर्यटन व्यवसायी तथा सरोकारवालाको बुझाइ छ । पार्कलाई दमकका अन्य प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलसँग जोडेर 'दमक पर्यटन सर्किट' विकास गर्नुपर्ने आवश्यकता देखिन्छ ।

त्यसका लागि हम्सेदुम्से वन क्षेत्र, स्थानीय धार्मिक तथा सांस्कृतिक स्थल, पुराना बस्ती, जलाधार तथा हरित क्षेत्रलाई जोडेर छोटो दूरीका एकदिने र दुईदिने पर्यटन प्याकेज बनाउन सकिन्छ । दमकलाई इलाम, कन्याम, चुलाचुली, सतासीधाम तथा झापाका अन्य गन्तव्यसँग जोडेर क्षेत्रीय पर्यटन मार्गका रूपमा पनि प्रवर्द्धन गर्न सकिन्छ ।

त्यस्तै, दमकको खाना, स्थानीय उत्पादन, हस्तकला र जातीय संस्कृतिलाई पर्यटनसँग जोड्नु अर्को महत्वपूर्ण पक्ष हुनेछ । स्थानीय समुदायले सञ्चालन गर्ने होमस्टे, परम्परागत खाना, सांस्कृतिक प्रस्तुति, स्थानीय उत्पादनको बजार र साप्ताहिक 'लोकल फुड तथा कल्चर मार्केट' सञ्चालन गर्न सके पर्यटकको बसाइ लम्ब्याउन मद्दत पुग्न सक्छ ।

पर्यटक...वन, स्थानीय बासिन्दा, निजी क्षेत्र र तीनै तहका सरकारबीच सहकार्यको स्पष्ट मोडेल बनाउन सके पार्क दीर्घकालीन रूपमा सञ्चालन गर्न पनि सहज हुनेछ ।

यसरी हेर्दा बहुउद्देश्यीय पार्क दमकमा एउटा नयाँ घुम्ने ठाउँ थप्ने परियोजना मात्र नभई दमकको पर्यटन अर्थतन्त्रलाई पुनर्संरचना गर्ने अवसर बन्न सक्छ । तर त्यसका लागि पार्क निर्माणसँगै पर्यटन सर्किट, स्थानीय व्यवसाय, सांस्कृतिक सम्पदा, हरित पूर्वाधार र पर्यटकको बसाइ लम्ब्याउने कार्यक्रमलाई एउटै योजनामा जोड्नुपर्ने देखिन्छ । दमक नगरपालिकाले हाल आफ्नो नगरको परिचय नै "औद्योगिक, पर्यटकीय र हरित नगर" का रूपमा अघि सारेको छ ।

यसैकारण बहुउद्देश्यीय पार्कको सफलता केवल संरचना निर्माण भयो कि भएन भन्नेमा होइन, त्यसले दमकमा पर्यटक कति ल्यायो, कति समय बसाल्यो र स्थानीय समुदायको आम्दानीमा कति योगदान पुऱ्यायो भन्ने आधारमा मापन गर्नुपर्ने देखिन्छ ।

विद्युत...बुटवल क्षेत्रमा न्यू भरतपुर-न्यू बुटवल २२० केभी लाइनमा रूख ढलेर फाल्ट भएको थियो । त्यस्तै, चापर-पथलैया १३२ केभी लाइन जाँदा कावासोती सबस्टेसनमा १ घण्टा लोड सर्टिलमेन्ट गरिएको जनाइएको छ ।

हेटौँडा क्षेत्रमा माण्डुको ६६ केभीमा बाढीका कारण करिब ३२ मेगावाट, कावासोती-भारतपुर १३२ केभीमा भरतपुर सबस्टेसनमा सिभीटी जलेको छ । सिमरा सबस्टेसनमा करिब २० मेगावाट, अमलेखगञ्ज/ परवानीपुर/ वीरगञ्ज उद्योगमा करिब ८० मेगावाट र काम्नेको सबस्टेसन तथा सो क्षेत्रका उद्योगमा करिब २५ मेगावाट आपूर्ति प्रभावित भएको छ ।

काठमाडौं क्षेत्रमा पनि वर्षा तथा बाढीका कारण विद्युत् प्रवाहमा पटक-पटक अवरोध पैदा भएको थियो । प्रभावित भएका सबै क्षेत्रमा जनशक्ति परिचालन गरिएको उल्लेख छ ।

बाढी-पहिरो....उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको थियो । कालीगण्डकी र नारायणी नदी बेसिनमा कतिपय स्थानमा अति भारी वर्षा भएपछि नदीको बहाव बढ्नुका साथै कटानसमेत भएको प्राधिकरणले जनाएको छ ।

नवलपरासी क्षेत्रमा बाढीको जोखिम बढेपछि १ हजार १ सयभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ । पर्वतमा केही घर बाढीले बगाएको भए पनि जोखिमयुक्त बस्तीका बासिन्दालाई समयमै सुरक्षित स्थानमा सारिएकाले थप मानवीय क्षति हुन नपाएको प्राधिकरणले जनाएको छ । म्याग्दीमा उद्धारका लागि दुईवटा हेलिकोप्टर परिचालन गरिएको छ ।

यसैबीच, हिमाली क्षेत्रमा भारी वर्षासँगै हिमपातको सम्भावना देखिएपछि पर्यटक तथा ट्रेकर्सलाई लक्षित गरी विशेष सूचना जारी गरिएको छ । हालसम्म ९ हजारभन्दा बढी पर्यटकलाई सुरक्षित स्थानमा झारिएको महतले बताइन् ।

प्राधिकरणले प्रभावित क्षेत्रमा खाद्यान्न तथा आवश्यक राहत सामग्री स्थानीय तह, जिल्ला प्रशासन र प्रदेश सरकारसँगको समन्वयमा वितरण गरिरहेको छ । तर जोखिम अझै कायम रहेकाले आइतबार रातिसम्म केही क्षेत्रमा वर्षा जारी रहन सक्ने र नदीको बहाव बढ्दा बाढी तथा पहिरोको खतरा थपिन सक्ने प्राधिकरणले जनाएको छ ।

अन्तर्राष्ट्रिय

भारतमा जंक फुड बिक्रीमा रोक लगाउने तयारी

एजेन्सी । भारतमा बालबालिकामा बढ्दो मोटोपनको समस्या नियन्त्रण गर्न विद्यालयको ५० मिटर वरपर उच्च बोसो, चिनी र नुन भएका 'जंक फुड' बिक्रीमा रोक लगाउने तयारी गरिएको छ । प्रस्तावित नियमअनुसार विद्यालय परिसर तथा त्यसको ५० मिटरको दायराभित्र यस्ता अस्वस्थकर खाद्य पदार्थ बिक्री गर्न प्रतिबन्ध लगाइनेछ । भारतीय खाद्य सुरक्षा तथा मापदण्ड प्राधिकरण (एफएसएसएआई)ले बालबालिकालाई सानै उमेरदेखि स्वस्थ खानपानको बानी बसाल्ने उद्देश्यले प्रस्ताव अघि बढाएको जनाएको छ । प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत रजित पन्नीका अनुसार यस पहलले बालबालिकालाई अस्वस्थकर खानेकुराबाट टाढा राख्नुका साथै खाद्य कम्पनीलाई आफ्ना उत्पादनमा चिनी, नुन र बोसोको मात्रा घटाउन प्रेरित गर्नेछ । प्रस्तावित नियम लागू भए विद्यालय आसपासका किराना पसल, रेस्टुरेन्ट तथा अन्य साना व्यवसायमा असर पर्न सक्ने व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । चिप्स, चकलेट, चिसो पेय पदार्थ, बर्गर, पिज्जा, समोसा तथा इन्स्ट्यान्ट चाउचाउजस्ता उत्पादनको बिक्रीमा निर्भर पसलहरूको आम्दानी घट्न सक्ने उनीहरूको भनाइ छ । सन् २०२० मै प्रस्ताव गरिएको यो व्यवस्था अझै कार्यान्वयनमा आएको छैन र निश्चित समयसीमा पनि तोकिएको छैन । प्रस्तावमाथि सुझाव तथा आपत्ति बुझाउने समयसीमा अक्टोबर ६ तोकिएको छ ।

नेपाल-भारत....सशस्त्र प्रहरी नायब उपरीक्षक (डीएसपी) सूर्यप्रकाश शर्मा, निरीक्षकद्वय गणेश मल र धीरज मलसहितका सुरक्षाकर्मीहरूको सहभागिता रहेको थियो । त्यस्तै भारतीय पक्षबाट अध्यक्ष गुप्तासहित द्वितीय कमान अधिकारी प्रवीण कुमार, एफ समवाय प्रभारी निरीक्षक हरेन्द्र सिंहलगायत अधिकारीहरु उपस्थित थिए ।

अग्निपीडित....जानकारी दिए । उनका अनुसार जिल्ला कमिटीले प्रभावित प्रत्येक परिवारलाई १० हजार रूपियाँका दरले सहयोग गरेको छ । गाउँपालिका कमिटीले भने क्षतिको अवस्थाका आधारमा रकम वितरण गरेको हो ।

सबैभन्दा बढी प्रभावित परिवारलाई २३ हजार २३० रूपियाँ, मध्यम प्रभावितलाई १८ हजार १०५ रूपियाँ र सामान्य प्रभावितलाई १० हजार ३१५ रूपियाँका दरले सहयोग गरिएको छ ।

एकाध.....नदीहरूमा जलसतह बढेर खतराको तह पार गरेको छ । बाढी पूर्वानुमान महाशाखाका अनुसार नारायणी नदीको जलसतह देवघाट बाढी मापन केन्द्रमा खतराको तह ९ मिटरभन्दा माथि अर्थात् झन्डै ११ मिटर पुगेको छ ।

नारायणीका प्रमुख सहायक नदीहरु कालीगण्डकी, सेती, मादी, मर्स्याङ्दी, दरौँदी र त्रिशूलीमा पनि पानीको बहाव उच्च रहेको छ ।

यसैबीच कालीगण्डकी नदीमा आएको बाढी बस्तीमा पस्दा पर्वतको जलजला गाउँपालिकाको फर्समा २५ वटा घर बगेका छन् । त्यहाँका ८० घर जोखिममा परेका छन् ।

नारायणी नदी आसपासका चितवन र नवलपरासीका होचा तथा डुबान सम्भावित क्षेत्रका बासिन्दालाई तत्काल सुरक्षित ठाउँतर्फ जान र नदी किनारमा अनावश्यक भीडभाड नगर्न महाशाखाले आग्रह गरेको छ ।

बाढी र पहिरोको जोखिम अझै कायमै रहेकाले नदी तटीय क्षेत्रका नागरिकलाई उच्च सतर्कता अपनाउन मौसमविद्को अनुरोध छ ।

कागजात हराएको सूचना

यही मिति २०८३ साल असोज ५ गते चन्द्रगढीबाट दमक आउने क्रममा भारतीय आर्मी बमबहादुर बस्नेत Ex No.81359 Unit-8 AR को डिस्चार्ज सर्टिफिकेट हराएको छ ।

उक्त सर्टिफिकेट भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाइ दिनुहुन अनुरोध छ ।

सम्पर्कका लागि :
मदन बस्नेत
दमक-५, झापा
सम्पर्क नम्बर : ९८५११४६८४६

ढाका....बढेको छ। अहिले परिवारको खर्चमा पनि सहयोग गर्न सिकेकी छु । घरमै बसेर व्यवसाय गर्न पाइने भएकाले यो काम महिलाका लागि निकै उपयुक्त छ ।

तेह्रथुमे ढाका अहिले परम्परागत पोसाकमा मात्र सीमित छैन। समयसँगै यसको प्रयोग र उत्पादनको दायरा निकै फराकिलो बनेको छ । साडी, चौबन्दी चोली, मेख्ली, पछ्यौरा, सल, कुर्ता-सुरूवाल, दौरा-सुरूवाल, ढाका टोपी, बास्कोट, कोट, ज्याकेट, सर्ट, टाई, मफलर, रूमाललगायतका पोसाक उत्पादन गर्दै आएका छन् । आधुनिक बजारको मागसँगै ह्यान्डब्याग, लेडिज पर्स, वालेट, ल्यापटप ब्याग, स्कुल ब्याग, मोबाइल कभर, फाइल कभर, कुसन कभर, टेबल रनर, सजावटी सामग्री, उपहारका सामग्री तथा विभिन्न फेसन सामग्रीसमेत ढाकाबाट उत्पादन हुने गरेको छ ।

महिलालाई आफ्नै गाउँमा बसेर आयआर्जन गर्न सक्ने बनाउनु कार्यक्रमको मुख्य उद्देश्य हो । सिपसँगै उद्यम व्यवस्थापन र बजारीकरणमा समेत सहयोग गरिँदै आएको मेड्पा कार्यक्रम संयोजक छत्र श्रेष्ठ बताउँछन् । लालीगुराँस नगरपालिकाले पनि ढाका व्यवसायलाई थप व्यावसायिक बनाउँदै महिलाको आर्थिक अवस्था सुधार गर्ने प्रयास गरिरहेको जनाएको छ ।

जेनजी....३० गते राष्टू ऋण उठाउने विधेयक, विनियोजन विधेयक र आर्थिक विधेयक प्रमाणीकरण भएका थिए ।

असार २५ गते चार वटा विधेयक प्रमाणीकरण भएका थिए । त्यस दिन स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, सहकारी (पहिलो संशोधन) विधेयक, सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) विधेयक र सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक प्रमाणीकरण भएका हुन् ।

त्यसअघि असार ११ गते राष्टूपति पौडेलले वैकल्पिक विकास वित्त परिचालन विधेयक प्रमाणीकरण गरेका थिए । संविधान कार्यान्वयनसँग सम्बन्धित ऐनहरु भने आउन सकेका छैनन् । संघीय निजामती सेवा विधेयक छलफलमै छ । भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका कानुन महाशाखाका सहसचिव लोकहरि बस्यालका अनुसार निजामती विधेयकउपर लोकसेवा आयोगबाट राय प्राप्त भएको छ । अर्थ मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले अगाडि बढाउन स्वीकृति प्रदान गरिसकेका छन् । तर संसद्मा दर्ता भएको छैन ।

ठगीको आशंकामा एनके कम्पनीका दुई सञ्चालक पक्राउ

विर्तामोड/ झापाको बिर्तामोडमा नेटवर्किङ शैलीमा विभिन्न कम्पनी तथा समूहले सर्वसाधारणलाई ठगी गरेको आशंकामा प्रहरीले निगरानी बढाएको छ ।

पछिल्लो पटक किस्तामा पानी शुद्धीकरण गर्ने उपकरण बिक्री गर्दै 'लक्की ड्रू' र उपहार कार्यक्रम सञ्चालन गर्दै आएको भनिएको एन.के. नेपाल ट्रेड एण्ड सप्लायर्सका दुई सञ्चालक पक्राउ परेपछि प्रहरीले अनुसन्धान अघि बढाएको हो ।

कम्पनीले सञ्चालन गरेको भनिएको 'लक्की ड्रू' कार्यक्रममा धाँधली भएको आरोप लागेपछि विवाद उत्पन्न भएको थियो । उपहार घोषणा कार्यक्रममा सहभागी ग्राहकहरूले कम्पनीले घोषणा गरेका नियम तथा शर्तअनुसार कार्यक्रम सञ्चालन नगरेको भन्दै विरोध जनाएका थिए ।

एन.के. नेपाल ट्रेड एण्ड सप्लायर्सले विगत केही वर्षदेखि किस्तामा पानी शुद्धीकरण गर्ने उपकरण बिक्री गर्दै 'हात खाली नजाने उपहार' लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको ग्राहकहरूले बताएका छन् । सोही कार्यक्रमअन्तर्गत बुधबार फाइनल उपहार घोषणा गर्ने तयारी गरिएको थियो ।

तर उपहार छनोट तथा लक्की ड्रूको प्रक्रियामाथि ग्राहकहरूले प्रश्न उठाएपछि कार्यक्रमस्थलमा विवाद भएको थियो। ग्राहकहरूले लक्की ड्रू पारदर्शी नभएको, कम्पनीले घोषणा गरेका नियम तथा शर्त पालना नगरेको र उपहार वितरणमा अनियमितता भएको आरोप लगाएका छन् ।

घटनापछि जिल्ला प्रशासन कार्यालय झापामा आफूहरु ठगीमा परेको भन्दै निवेदन परेको थियो । त्यसपछि प्रशासन कार्यालयले घटनाको छानबिनका लागि इलाका प्रहरी कार्यालय अनारमनीलाई निर्देशन दिएको थियो ।

प्रशासनको निर्देशनपछि प्रहरीले एन.के. नेपाल ट्रेड एण्ड सप्लायर्सका सञ्चालक मिलन अधिकारी र माधवप्रसाद घिमिरेलाई पक्राउ गरेको हो । उनीहरूविरूद्ध अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

खुल्ला बोलपत्र आह्वान सम्बन्धी

मिति २०८२ भाद्र २१ गतेको साधारण सभाको निर्णय र मिति २०८३ असोज ५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस आदर्श समाज सहकारी संस्था लि. को स्वामित्वमा रहेको दमक नगरपालिका वडा नं. १५ स्थित कि न.नं. ४९ को २५० वर्ग मिटर क्षेत्रफलको जग्गा खुल्ला बोलपत्र (Open Tender) मार्फत् बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति/फर्म/कम्पनीबाट देहायका शर्तहरूको अधिनमा रही बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

जग्गाको विवरण	जानकारी
जग्गा धनी	: आदर्श समाज सहकारी संस्था लि.
स्थान	: दमक नगरपालिका वडा नं. १५, झापा (हाल दमक-९)
कित्ता नं.	: ४९
क्षेत्रफल	: २५० वर्ग मिटर

न्यूनतम् बोलकबोल रकम रु. २७,००,०००/- (सत्ताइस लाख रुपैयाँ) भन्दा बढी

बोलपत्र सम्बन्धी शर्तहरू

१. उक्त जग्गाको न्यूनतम् बोलकबोल रकम रु. २७,००,०००/- (सत्ताइस लाख रुपैयाँ) भन्दा बढी हुनुपर्छ । सोभन्दा कम रकमको बोलपत्र स्वत: अमान्य हुनेछ ।
२. इच्छुक बोलपत्रदाताले संस्थाको कार्यालयबाट बोलपत्रसम्बन्धी आवश्यक जानकारी प्राप्त गरी तोकिएको ढाँचामा बोलपत्र पेश गर्नुपर्ने छ ।
३. बोलपत्रदाताले आफूले कबोल गरेको रकम अंक र अक्षर दुबैमा स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।
४. बोलपत्रसाथ संस्थाले तोकेको धरौटी रकम १० प्रतिशत बुझाएको प्रमाण पेश गर्नु पर्नेछ ।
५. बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३ साल असोज ३० गते शुक्रबार ४ बजे सम्म मात्र ।
६. तोकिएको न्युनतम् मूल्य भन्दा बढी रकम कबोल गर्ने बोलपत्रहरुमध्ये संस्थाको निर्णय अनुसार बोलपत्र स्वीकृत गरिनेछ ।
७. बोलपत्र स्वीकृत भएको जानकारी प्राप्त भएपछि तोकिएको समयभित्र सम्पूर्ण रकम भुक्तानी गरी जग्गा रजिस्ट्रेशन, हस्तान्तरणसम्बन्धी प्रक्रिया पूरा गर्नुपर्नेछ ।
८. जग्गा खरिद तथा रजिस्ट्रेशन गर्दा लाग्ने मालपोत, रजिस्ट्रेशन शुल्क कर तथा अन्य प्रचलित शुल्कहरू सम्बन्धित कानून बमोजिम खरिदकर्ताले व्यहोर्नु पर्नेछ।
९. संस्थाले आवश्यक ठानेमा कुनै पनि वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्न सक्ने अधिकार सुरक्षित राख्ने छ ।
१०. जग्गा निरीक्षण तथा थप जानकारीका लागि संस्थाको कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।
११. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानून, संस्थाको विनियम तथा संस्थाको सम्बन्धित निर्णय बमोजिम हुनेछ ।

थप जानकारीका लागि:
आदर्श समाज सहकारी संस्था लि.
दमक- ६, झापा (फोन नं ०२३-५७३८२६)

अध्यक्ष
विजय कुमार राई

◆ प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत

कार्यालय: दमक-५, झापा, फोन: ०२३-५७०२७२,
मुद्रण: ज्योति अफसेट प्रेस,
E-mail:purbasandesh@yahoo.com